




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २२ ❑ अङ्क १४४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ जेठ २४ गते सोमबार ❑ 7 June 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## गण्डकी प्रदेशसभा सदस्य थापालाई पुन:बहाली गर्न आदेश

### जनमतको कदर भयो: थापा

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ जेठ**

सर्वोच्च अदालतले गण्डकी प्रदेशसभामा राष्ट्रिय जनमोर्चा नेपाल सदस्य कृष्ण थापालाई पदमुक्त नगर्न अन्तरिम आदेश जारी गरेको छ।

न्यायाधीश डा कुमार चुडालको एकल इजलासले थापालाई पदमुक्त गर्ने निर्णयको कार्यान्यन गर्न अन्तरिम आदेश जारी गरेको हो । उक्त आदेशसँगै थापा पुनःबहाली भएका छन् । "निवेदनको अन्तिम टुङ्गो नलागेसम्म निजको गण्डकी प्रदेशसभा सदस्यको पद रिक्त गर्ने गरी भएका सम्पूर्ण निर्णयहरू तथा सोसम्बन्धी पत्रचार, सूचना, जानकारीसमेत कार्यान्वयन नगर्नु नगराउनु" आदेशमा भनिएको छ, "निज निवेदकलाई प्रदेशसभा बैठकमा नियमितरूपमा भाग लिन र सो हैसियतमा मतदान गर्ने, मत प्रकट गर्ने कार्यमा वञ्चित नगर्नु।"

सांसद थापाले आफूलाई कानूनविपरीत कारवाही गरेको हुँदा पुनः बहाली गर्न माग गर्दै यही जेठ २३ गते सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए। उक्त निवेदनमाथिको प्रारम्भिक सुनुवाइबाट 'सुविधा र सन्तुलनमा क्षति पर्ने' देखिएकाले यो अन्तरिम आदेश जारी भएको हो ।



पार्टीको निर्णयविपरीत नेकपा (एमाले) का मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङलाई साथ दिएको भन्दै थापालाई पार्टीले कारवाही गरी प्रदेशसभा सदस्यबाट पदमुक्त गराएको थियो । थापाले गुरुङको विकल्पमा अर्को सरकार बनाउने विपक्षी गठबन्धनमा हस्ताक्षर गर्न अस्वीकार गरेका थापा एमाले र जनमोर्चाको तालमेलका आधारमा बाग्लुङबाट विजयी भएका थिए।

यसै गरी कृष्ण थापाले आफ्नो पद पुनः बहाली गराउने सर्वोच्च अदालतको अन्तरिम आदेशले जनताको भावनाको कदर भएको बताएका छन्।

राष्ट्रिय जनमोर्चाबाट निर्वाचित बागलुङ क्षेत्र नम्बर १ (ख) का सांसद थापालाई पार्टीको निर्देशन नमानेको भन्दै पदमुक्त गरिएको विरुद्धमा परेको रिटमा आइतबार अन्तरिम आदेश भएको हो । पद खारेज नगर्न अन्तरिम आदेश आएपछि रासससँग कुरा गर्दै थापाले जनताको भावनामाथि अदालतले कदर गरेको भन्दै थप ससक्त भएर आफ्नो जिम्मेवारी पूरा गर्ने बताए। "विपक्षी नेपाली काँग्रेसलाई सरकार बनाउन मैरै पार्टीले कारबाही गऱ्यो, जनताको भावनाविपरित जादिनँ भन्ने अडान कायमै थियो" सांसद थापाले भने, "अदालतले पुनः बहाली गरेको छ, मैले आफ्नो अठान फेरि पनि छोड्दिन, अब पनि काँग्रेसको गठबन्धनलाई सहयोग गर्दिनँ ।" थापाले आफ्नो क्षेत्रमा विकास निर्माणले गति लिएकोमा सांसद पद जाँदा जनातामा निराशा छाएको भन्दै विकासका बाँकी काम पुरा हुनेमा आशावादी भएको बताए। उनले पार्टीले समेत कारबाही फुकुवा गर्ने आशा व्यक्त गरे । "जनमोर्चा अझै हिमालको डाँफेको जस्तै छाती भएको पार्टी हो भन्ने लाग्छ, फिस्टे चराको जस्तो छाती हुनु हुदैन" थापाले भने। उनले कम्युनिष्टहरू मिल्नुको विकल्प नभएको स्पष्ट गरे।

## पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा १२ दिनपछि खुल्यो ओपीडी सेवा

### पहिलो दिनमै दुई सय जना बिरामी

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ जेठ**

पोखरा क्षेत्रकै सवै भन्दा ठुलो सामुदायिक अस्पताल पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान (पश्चिमाञ्चल क्षेत्रिय अस्पताल) मा आइतबारदेखि ओपीडी सेवा पूनः संचालन भएको छ।

यही जेठ ११ गतेदेखि प्रतिष्ठानमा कोभिड–१९ ओपीडी बाहेकका सम्पूर्ण ओपीडी सेवाहरु बन्द गरिएकोमा जेठ २३ गते आइतबारदेखि लागु हुने गरी कोभिड–१९ व्यबस्थापनाको लागि तोकिएका स्वास्थ्य सम्बन्धी मापदण्डहरु अनिवार्य रुपमा पालना गर्ने गरी यस अस्पतालमा पूर्ववत रुपमा सेवा संचालन गरिएको उनले जनाए। कोरोनाको ओपीडी सेवा व्यबस्थापन गरेसंगै आम सेवाग्राहीको माग भए बमोजिम आइतबारदेखि जनरल ओपीडी सेवा समेत प्रतिष्ठानमा संचालन गरिएको प्रतिष्ठानका निर्देशक डा. भरत बहादुर खत्रीले बताए।



प्रतिष्ठानको ओपीडी सेवा बन्दा हुदा स्वास्थ्य बिमा कार्यक्रम, दिर्घ रोगी, गरिब तथा मध्यम बर्गका बिरामी मर्कामा पर्ने भएको डा. खत्रीले जनाए। ओपीडी सेवा बन्द हुदा प्रतिष्ठानमा गरिब तथा मध्यम बर्गका धेरै सेवाग्राहिहरु प्रभावित भएको उनले जनाए । आफुहरुले कोरोनाको उपचार गर्ने स्थल भन्दा करिब ओपीडी सेवा करिब ६० मिटर टाडाको दुरीमा रहेको निर्देशक डा. खत्रीले जनाए । आइतबार करिब २ सय जना लाभान्वित भएको उनले दाबी गरे । उनले भने "हाल हामीले तत्काल गर्ने पर्ने शल्यक्रियादेखि दैनिक १ हजार ६ सय जना बिरामीहरु रेखदेख गर्ने चिकित्सक सहितको कर्मचारी व्यवस्थापन गरेका छौं। "

पछिल्लो समयमा कोरोना संक्रमण दर केही घटे पनि मृत्युदर भने उस्तै रहेको डा. खत्रीले बताए। मृत्युको दुई कारण कोरोना लागेर निमोनियाले र केही कोरोना लागेर पनि घरमै बसेर मृत्यु हुने अबस्थामा अस्पताल आउने गरेकोले गर्दा मृत्युदर घट्न नसकेको उनको बुझाई छ। करिब १२ दिन ओपीडी सेवा बन्दा हुदा कोडिभ तथा नन् कोभिडका बिरामीको इमर्जेन्सि वार्डबाटै सेवा दिएको खत्रीले जनाए। केही साता अघि अक्सिजन ग्याँस सिलिण्डर व्यबस्थापन सहितका कारणले गर्दा एकै रातमा ७ जानको मृत्यु भएकोले आगामी दिनमा त्यस्तो घटना नदोहोरिन के कस्तो पूर्व तयारी गर्नु भएको छ भन्ने हाम्रो प्रश्नमा निर्देशक डा. खत्रीले हाल आफुहरुले पूर्व तयारी गरेर सेवा संचालन गरेको दाबी गरे। प्रतिष्ठानमा हाल थप एक सय ५० थान अक्सिजन ग्याँस सिलिण्डर, ५ वटा मात्र रहेको अक्सिजन कन्सन्टेटर २२ वटा प्राप्त भएसंगै २७ वटा अक्सिजन कन्सन्टेटर रहेको डा. खत्रीले दाबी गरे। हाल कोभिड उपचार केन्द्रमै केही बेडहरु समेत खाली हुन थालेको बताएका उनले अझै पनि कोरोनाको मृत्युदर भने उच्च रहेको जनाए। स्वास्थ्य बिमा र दिर्घरोगीहरुलाई ओपीडी सेवा बन्दा हुदा समस्या भए पनि अब देखि सहज हुने प्रतिष्ठानले जनाएको छ । कोरोना संक्रमण पश्चात हिडडुल गर्न कठिन हुने सास फेर्न कठिन हुने, शौचालयमा जादा समेत अर्कोको सहारा लिनुपर्ने अबस्थाका बिरामीहरुले अनिवार्य रुपमा चिकित्सकको निगरानीमा बस्नुपर्ने डा. खत्रीको सुझाव छ । प्रतिष्ठानमा हाल करिब ९० बेडको आइसोलेसन वेड रहेको छ। उक्त वेडहरुमा केही गम्भिर सहितका बिरामीको उपचार भई रहेको छ।

## एमालेमा एकताका लागि अध्यक्ष ओलीको छ बुँदे प्रस्ताव

**रासस**
**काठमाडौं, २३ जेठ**

सत्तारुढ नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले पार्टीलाई एकताबद्ध बनाउन २०७५ जेठ २ अघिको पूर्वास्थाबाट अगाडि बढाउन तयार रहेको घोषणा गरेका छन्।

एमालेका नेताहरू झलनाथ खनाल, माधवकुमार नेपालसहितका नेताहरू असन्तुष्ट भई पार्टी विभाजनको स्थितिमा पुगेका बेला अध्यक्ष एवं प्रधानमन्त्री ओलीले आइतबार छ बुँदे प्रस्तावसहित सबैलाई पार्टी एकतामा आउन आह्वान गरेका हुन् । उनले नेकपा (माओवादी केन्द्र) सँगको एकतापछि निर्मित तत्कालीन नेकपाको केन्द्रीय कमिटीमा रहेका र हाल एमालेमा आएका नेतासहित केन्द्रीय कमिटी र स्थायी कमिटीका संरचनाहरू क्रियाशील हुने जनाएका छन् । राष्ट्रिय राजनीतिक उतार चढावसँगै पार्टी हित विपरीत लागेको भन्दै विभिन्न नेताहरूलाई कारबाहीको क्रम चलेका बेला दुवै पक्षका दोस्रो तहका नेताहरूले अनौपचारिकरूपमा एकताका लागि पहल गरेका थिए । त्यसैको प्रत्युत्तरमा आइतबारअध्यक्ष ओलीले पार्टी कमिटी र जनसंगठनहरू मूलभूतरूपमा २०७५ जेठ २ पूर्वको अवस्थामा फर्केर क्रियाशील हुने तथा यसको व्यवस्थापनका लागि कार्यदल गठन गरिने पनि बताएका छन्।

उनले प्रधानमन्त्रीबाट आफूलाई पदबाट हटाई विपक्षी दलका नेतालाई प्रधानमन्त्री बनाउन सर्वोच्च अदालतमा दायर रिटबाट पार्टीका निवर्तमान सांसदहरूले हस्ताक्षर फिर्ता हुनुपर्ने पनि प्रस्ताव गरेका छन् । अध्यक्ष ओलीले यसबीचमा भएका कारवाही फिर्ता गरिने र कुनै पुर्वाग्रह र भेदभाव नराखिने पनि स्पष्ट गरेका छन्।

## कोरोना संक्रमितभन्दा निको हुने दोब्बर

**रासस**
**पोखरा, २३ जेठ**

पछिल्लो २४ घण्टामा कोरोनाबाट संक्रमित हुनेभन्दा निको हुनेको संख्या दोब्बर देखिएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार कूल १३ हजार ७३३ नमूना परीक्षण गरिएकामा तीन हजार ४७९ मात्रै सङ्क्रमित भएका छन्।

यस्तै निको हुनेको सङ्ख्या छ हजार ६३६ रहेको छ। मन्त्रालयको विवरणअनुसार कूल १० हजार ४७१ पिसिआर विधिबाट परीक्षण गरिएको छ भने तीन हजार २६२ भने एन्टिजेन विधिबाट परीक्षण गरिएको छ। नेपाली सेनाले विभिन्न मितिमा शव व्यवस्थापन गरेका समेत कूल ९९ जनाको दुःखद् निधन भएको छ। यो सङ्ख्यासहित हालसम्म कूल सात हजार ८९८ जनाको कोरोनाका कारण निधन भएको छ। मन्त्रालयका अनुसार हालसम्म कूल पाँच लाख

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## कोरोना संक्रमित परिवारलाई काँग्रेसको सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ जेठ**

आर्थिक अभावमा रहेको कोरोना संक्रमित परिवारलाईनेपालीकाँग्रेसलेसहयोग गरेको छ।

आर्थिक अभावपछि मणिपाल शिक्षण अस्पतालले निकालेको २१ दिने कोरोना संक्रमित शिशुका परिवारलाई काँग्रेसको पहलमा सहयोग गरिएको हो । २१ दिने शिशुसहित बाबुआमा पनि संक्रमित हुनुहुन्छ। उहाँ तीन जनाको उपचार पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा भैरहेको छ। रोल्पा घर भइ विगत पाँच वर्षदेखि पोखरामा बस्दै ज्यालादारी मजदुरी गर्दै आएको सो परिवार आर्थिक संकटमा भएको सामाजिक सञ्जालमा सार्वजनिक भएपछि काँग्रेसका युवा नेता भानु ढकालको पहलमा आर्थिक सहयोग जुटेको हो ।



पोखरा फूलबारीमा डेरा गरी बस्दै आएको बुढा मगरको परिवारलाई आइतबार एक लाख ५८ हजार आर्थिक सहयोग गरिएको थियो । नेपाली काँग्रेस कास्कीका प्रवक्ता नवीन सिग्देल, जिल्ला सदस्य भिम गौतम, पोखरा ११ का वडा अध्यक्ष मोहन बास्तोला, नेपाल स्वास्थ्यकर्मी संघ गण्डकी अध्यक्ष नारायण बराल, जिल्ला अध्यक्ष उदयकान्त तिवारी, नेपाल दलित संघ कास्कीका सचिव गोविन्द नेपालीको उपस्थिति र पश्चिमाञ्चल क्षेत्रीय अस्पतालका निर्देशक डा भरत बहादुर खत्रीको रोहवरमा सहयोग हस्तान्तरण गरिएको हो। विभिन्न सहयोगीदाता र नेपाली काँग्रेस कास्कीको वीपी विपत् कोषबाट संकलित रकम सहयोग गरिएको छ।

सो परिवारका लागि पोखरा पृथ्वीचोक निवासी ध्रुव गुरुङले ६० हजार, नेका क्रियाशील सदस्य टीकाकुमारी गुरुङले २० हजार, युवा व्यवसायी विश्वराज श्रेष्ठले १० हजार, नेपाली काँग्रेस महाधिवेशन प्रतिनिधि प्रज्वल रञ्जितले १० हजार सहयोग गर्नुभएको छ । नेपाली काँग्रेस जिल्ला सदस्य भिम गौतम, नेपाली काँग्रेस कास्की वीपी विपत् कोष, अमरसिंह उच्च माविका पूर्व प्रधानाध्यापक विजय बहादुर थापा, जनप्रिय क्याम्पस स्ववियु सभापति आशिक गुरुङ र युवा व्यवसायी दिपेन्द्र शर्माले पाँच/पाँच हजार, लोटस् युनिफर्मका सिद्धार्थ गुरुङ र मिलि नेपालीले तीन/तीन हजार, नेपाल तरुण दलका नेता सुजन सुवेदीले दुई हजार सहयोग गरेका छन्। त्यस्तै पोखरा चाउथे निवासी परिचय खुलाउन नचाहने महिलाले १५ हजार र अर्का एक युवाले १० हजार सहयोग गरेका छन् । 'स्वस्फुर्त रुपमा सहयोग जुटेको हो, युवा नेता ढकालले भन्नुभयो- सहयोग गर्ने सबैप्रति आभारी छु।'




# केदारनाथ/दिव्यश्वरी उपाध्याय स्मृति ग्रन्थ लोकार्पण

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ जेठ**

पोखरा चिसाखोला वेद विद्याश्रम पोखरा-१८ स्थित अग्निहोतृ पं. केदारनाथ/गुरुआमा दिव्यश्वरी उपाध्याय तिमिल्सिना स्मृति ग्रन्थ २०७८ को लोकार्पण कार्यक्रम आइतबार सम्पन्न भएको छ।



स्व. केदारनाथ उपाध्यायको वार्षिक पुण्यतिथिको अवसरमा आयोजित लोकार्पण कार्यक्रममा बोल्दै प्रमुख अतिथि वेद विद्याश्रमका सल्लाहकार लक्ष्मीराज शर्मा गौतमले वेदगुरुको कीर्तिलाई कायम राख्न सबै एकसाथ लाग्नुपर्नेमा जोड दिए।

वेदगुरुलेरुद्राभिषेक,सन्ध्योपासना र शुक्लयजुर्वेद अध्ययनलाई सारस्वरसहित गर्नुपर्ने वैदिक नियमलाई कायम राख्दै वेदगुरुका उत्पादक र विद्याश्रम परिवार लागे गुरुको स्मरण चिरस्थायी हुने बताए।

कीर्तिमाथि समीक्षा गर्दै धर्मशास्त्री गुरु गङ्गाधर तिमिल्सिनाले वेद गुरुले अङ्गीकृत गरेको वैदिक नियमले नै सबैलाई आवश्यक अनुशासनको ज्ञान दिने भन्दै वर्तमान समयमा वैदिक ज्ञानको संरक्षण नै सबैको आवश्यकता भएको बताए।

विद्याश्रमका प्रमुख संरक्षक मोक्षनाथ तिमिल्सिनाले स्व. पिताको जिम्मेवारीलाई निर्वाह गर्न प्रतिबद्ध भएर लाग्ने भन्दै वैदिक नियम र धर्मको संरक्षणमा सबैले साथ र सहयोग दिन आग्रह गरे । स्मृति ग्रन्थका प्रधान सम्पादक डा. बलराम उपाध्याय रेग्मीले वेदगुरुको संगतले आफूलाई धेरै कुरा सिकाएको भन्दै स्मृति ग्रन्थ नै मूल्यवान सम्पत्ति भएकाले यस्तो चिरस्थायी सम्पत्तिको जिम्मेवारी दिएर आश्रम परिवारप्रति धन्यवाद ज्ञापन दिए ।

नेपाल टेलिभिजनका वरिष्ठ पत्रकार राजेन्द्रराज तिमिल्सिनाले अग्निहोतृ यज्ञको महिमा प्रष्ट्याउँदै वैदिक ज्ञान र नीतिले सबैलाई अनुशासनको पाठ सिकाउने बताए।

विद्याश्रम कार्यसमितिका उपाध्यक्ष दुर्गानारायण अधिकारीको सभापतित्वमा भएको कार्यक्रममा विद्याश्रमका व्यवस्थापन समितिका अध्यक्ष मणिरत्न अधिकारी, समाजसेवी तथा मानवशास्त्री रुद्रप्रसाद तिमिल्सिना सचिव गङ्गासागर उपाध्याय लगायतले वेदगुरुको कीर्तिलाई जिवन्त राख्न सबै एकजुट भएर लाग्नुपर्नेमा जोड दिएका थिए।

# कोरोना...

८८ हजार १२४ जनामा कोरोना सङ्क्रमण भएको छ भने चार लाख ९१ हहजार ९ जना निको भएका छन् । मन्त्रालयका अनुसार नौ वर्ष उमेरसम्मका कूल ३५ जनाको ज्यान गएको छ। यस्तै १० देखि १९ वर्ष उमेर समूहका ३७, २० देखि २९ वर्षका २२६, ३० देखि ३९ वर्षका ६५९, ४० देखि ४९ सम्मका एक हजार १६१, ५० देखि ५९ वर्ष उमेर समूहका एक हजार ५६४ र ६० वर्षभन्दा माथिका कूल चार हजार २१६ जनाको कोरोनाका कारण निधन भएको छ।

काठमाडौँ उपत्यकाका तीन जिल्लामध्ये काठमाडौँमा १२ हजार ६७२ जना सक्रिय कोरोना सक्रमित छन्। कूल एक लाख ७९ हजार ८७२ निको भएका छन् भने एक हजार ६९४ जनाको निधन भएको छ।

# जागौ नेपालद्वारा सुकुम्वासी बस्तीमा राहत वितरण

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ जेठ**

जागौ नेपाल राष्ट्रिय अभियान द्धारा पोखरामा राहत बितरण गरीएको छ । कोरोना संक्रमणका कारण नियमित ज्यालादारीमा काम गर्न नपाएका सुकुम्वासीलाई आईतबार राहत बितरण गरिएको हो।

पोखरा महानगरपालिका वडा नं ३२ मा रहेको तालखोला बयरघारी टोलका २५ घरधुरी र पोखरा १७ हरिहरधामका एक जनालाई खाद्यान्न, माक्स बितरण गरिएको जागौ नेपाल राष्ट्रिय अभियानका केन्द्रीय संयोजक दिपक आचार्यले जानकारी दिए । राहत विरतण कार्यक्रमका प्रमुख अतिथि नेपाल सरकार न्युनतम पारिश्रमिक निर्धारण समितिका सदस्य तथा बरिष्ट पत्रकार माधब पनेरुले राहत हस्तान्तरण गरेका थिए।



सो अबसरमा पनेरूले जागौ नेपालले देशभर बितरण गरेको राहतले गरिवलाई केही हदसम्म भएपनि जिविका चलाउन सहयोग पुगेकोमा बिदेशमा रहेका अभियन्ताहरुलाई धन्यबाद दिए । बिदेशी भुमिमा रहेका नेपालीहरु होस या नेपालमा रहेर राज्यलाई उत्तरदायि बनाउने कार्यमा लाग्ने जागौ नेपाल अभियानका अभियन्तालाई थप क्रियाशिल भएर लाग्न उनले अनुरोध गरे। जागौ नेपालको प्रबास समितीको सकृयतामा संकलन गरिएको सहयोग बाट राहत बितरण गरिएको अभियानका सचिव ज्ञानु आचार्यले जानकारी दिए। अभियानले देशका बिभिन्न भागमा स्वास्थ्य सामाग्री, खाद्यान्न सहयोग गरिरहेको छ।

# सबै मिलेर मात्र कोभिड अन्त्य गर्न सकिन्छः मुख्यमन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
**लमजुङ, २३ जेठ**

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले सबै मिलेर मात्र अहिलेको कोरोना महामारीको अन्त्य गर्न सकिने बताएका छन्।

मुख्यमन्त्री गुरुङले आज लमजुङ जिल्ला अस्पतालमा जडान गरिएको अक्सिजन प्लान्टको मुख्यमन्त्री कार्यालयबाटै भर्चुअल माध्यमबाट उद्घाटन गर्नुहुँदै यस महामारीको अन्त्य गर्न तीनै तहका सरकारदेखि नागरिक लाग्नु पर्ने बताएका छन्। मुख्यमन्त्री गुरुङले भने, "कोभिडको महामारीका बेला सङ्घ, प्रदेश र स्थानीय तह गरी सबै यसमा लागि सकेका छौँ।" सरकार मात्र लागेर सम्भव नहुने र यसमा नागरिकले समेत साथ दिएमा महामारीलाई पराजित गर्न सकिने उनको भनाइ छ। सो अस्पतालमा पिसिआर मेसिन समेत राख्ने तयारी भइरहेको समेत मुख्यमन्त्री गुरुङले बताए । उनले यस अस्पताललाई कोरोना सङ्क्रमितको उपचारमा कुनै कसरत बाँकी नराखी काम गर्नलाई चिकित्सकहरूलाई आग्रह गरे । सो अवसरमा प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव विनोदबहादुर कुँवरले जिल्ला अस्पतालमा पिसिआर मेशिन छिटो राख्न निर्देशन दिँदै यसका लागि बजेट अभाव हुन नदिने बताए । जिल्ला अस्पतालका प्रमुख हेमन्त श्रेष्ठले अस्पतालका कोभिड बिरामीलाई चौविसै घण्टा गुणस्तरीय सेवा पदान गरिएको दाबी गरे । रातदिन नभनि चिकित्सकहरू खटिरहेको छ। कोभिड सङ्क्रमण बाहेक अन्य बिरामीहरूलाई पनि सेवा प्रवाह गरिहेको अस्पतालले जनाएको छ । यस अस्पतालमा अक्सिजन प्लान्ट यही जेठ ८ गते जडान गरिएको थियो। प्रदेश सरकारले गत मङ्सिरमा अक्सिजन प्लान्टका लागि रु ७५ लाख बजेट पठाएकामा रु ५५ लाख ५८ हजार ६५६ मा प्लान्ट जडान भएको थियो । त्यस्तै आठ लाख दुई हजार ६७० मा अक्सिजन प्लान्ट राख्ने कोठा निर्माणमा खर्च भएको अस्पतालले जनाएको छ।

अस्पतालका अनुसार सो अक्सिजन प्लान्टले दैनिक १५ सिलिण्डर भर्नेछ । हाल ११८ वटा अक्सिजन सिलिण्डर भण्डारण रहेको अस्पताल प्रमुख श्रेष्ठको भनाइ छ । उत्पादित अक्सिजन पाइपलाइनमार्फत आकस्मिक, आइसियु, आइसोलेसन, अन्तरङ्ग (वार्ड) र प्रसूति वार्डमा पठाउने साथै अस्पतालका ८३ शय्यामा नै जोडिने छ।

अस्पतालका अनुसार यहाँ निर्माण गरिएको आइसोलेसनमा हालसम्म ८७ जनाले सेवा लिएकामध्ये ६९ जना घरफिर्ता, २ जनाको मृत्यु भएको छ। त्यस्तै, हाल अक्सिजनसहित उपचारत नौ जना र छ जना अक्सिजनबाहेक गरी १५ जना कोरोना सङ्क्रमितहरू उपचारत् रहेको अस्पतालले जनाएको छ।

# नेलेम्बो नेपालद्वारा स्वास्थ्य सामग्री सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ जेठ**

नेलेम्बो नेपाल कास्कीले अनलाइन पत्रकार सङ्घ गण्डकी प्रदेशलाई स्वास्थ्य सामग्री सहयोग गरेको छ।

आइतबार नेलेम्बो नेपाल कास्कीका अध्यक्ष एकदेव देवकोटाले अनलाइन पत्रकार सङ्घ गण्डकी प्रदेशका अध्यक्ष कमल सुवेदीलाई उक्त स्वास्थ्य सामग्री हस्तान्तरण गरेका हुन् । महामारीको समयमा अग्रपङ्क्तीमा रहेर समाचार सङ्कलन गर्ने पत्रकारहरूको सुरक्षालाई मध्यनजर गर्दै नेलेम्बोले डिस्पोजल मास्क दुई हजार ५०० पीस, फेस सिल्ड ५० पीस, सेनीटाइजर ५० लिटर, डिस्पोजल ग्लब्स १० प्याकेट सहयोग गरेको अध्यक्ष देवकोटाले जानकारी दिए । उनका अनुसार ५२ हजार ६७० रूपैयाँ बराबरको सहयोग सामग्री हस्तान्तरण गरिएको हो । नेलेम्बोले हालसम्म गण्डकी प्रदेशका विभिन्न जिल्लामा डेढ करोड बराबरको स्वास्थ्य सामग्री सहयोग गरेको उनको भनाइ छ।

स्वास्थ्य सामग्री ग्रहण गर्दै सङ्घका अध्यक्ष सुवेदीले कोरोना महामारीको विषम परिस्थितिमा पत्रकारका लागि स्वास्थ्य सामग्री सहयोग गरिएकोमा नेलेम्बो नेपाललाई धन्यवाद दिदै प्राप्त स्वास्थ्य सामग्री अनलाइन मिडियामा काम गर्ने पत्रकारलाई वितरण गरिने जानकारी दिए।


## मकालु डिस्टिलरी प्रा. लि.
### आँबु खैरेनी, तनहुँ
### मूल्य सूची सम्बन्धमा सूचना

यस उद्योगबाट उत्पादित उल्लेखित ब्राण्डका मदिरा नेपाल अधिराज्य भित्र बिक्री वितरण गर्न आ.व. २०७७/०७८ का लागि मिति २०७८/०२/२४ देखि लागू हुने गरी निम्न बमोजिम मूल्य संशोधन गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रकाशित मूल्यमा अन्तःशुल्क र मू.अ.कर समेत समावेश गरिएको छ ।

| | ब्राण्ड | मि.लि. | यु.पी. | नेशनल डिष्ट्रिब्युटर्स मूल्य | रिजनल डिष्ट्रिब्युटर्स कमिशन | डिष्ट्रिब्युटर्स मूल्य | डिष्ट्रिब्युटर्स कमिशन | होलसेल मूल्य | होलसेल कमिशन | रिटेल मूल्य | रिटेल कमिशन | उपभोक्ता मूल्य | उपभोक्ता मूल्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रति कार्टुन | प्रति कार्टुन | प्रति कार्टुन | प्रति कार्टुन | प्रति कार्टुन | प्रति कार्टुन | प्रति कार्टुन | प्रति कार्टुन | प्रति कार्टुन | प्रति बोटल |
| 1 | प्यासी सोफी, फुल बुट्टे चोली | ३०० | ७० | ८६०।०० | १५।०० | ८७५।०० | ३०।०० | ९०५।०० | २५।०० | ९३०।०० | ९०।०० | १०२०।०० | ३४।०० |
| 2 | मन्जिल | ३०० | ७० | ९००।०० | १५।०० | ९१५।०० | ३५।०० | ९५०।०० | ३०।०० | ९८०।०० | १००।०० | १०८०।०० | ३६।०० |
| 3 | पधेरी, कलधारा, कुन्सु Orange/Apple/Litchi | ३०० | ७० | ९१०।०० | १५।०० | ९२५।०० | ३५।०० | ९६०।०० | ३०।०० | ९९०।०० | ९०।०० | १०८०।०० | ३६।०० |
| 4 | STORM/OLIZ/EVATE | १८० | ५० | ५४५०।०० | १००।०० | ५५५०।०० | २००।०० | ५७५०।०० | १७५।०० | ५९२५।०० | ४५९।०० | ६३८४।०० | १३३।०० |

नोटः उपरोक्त बिक्री मूल्यहरुमा व्यवसायको अवश्यकता अनुसार विभिन्न व्यपारीक एवं अन्य छूटहरु र हाल अनुमान गर्न नसकिने खर्चहरुको सोधभर्ना दिन सकिने छ ।



स्वस्थ पत्रकारिताको विकास स्वतन्त्र र हक अधिकारको जगेर्ना, राष्ट्रिय सर्वमान्य प्रचलन र मान्यतालाई समायोजन गर्दै अगाडि बढ्नु आजको अपरिहार्य आवश्यकता हो ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



## कपालको उपचार
### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग**: छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# संक्रमितलाई परामर्श सेवा दिन स्वास्थ्यकर्मी परिचालन

**पोखरापत्र संवाददाता**
**दमौली, २३ जेठ**

कोरोना सङ्क्रमण भएर होम आइसोलेशनमा बस्ने सङ्क्रमितलाई परामर्श सेवा दिन तनहुँका स्थानीय तहले प्रयास थालेका छन् ।

दैनिक रूपमा सङ्क्रमित थपिन थालेपछि जिल्लाका स्थानीय तहले होम आइसोलेशनमा बस्ने सङ्क्रमितको रेखदेख, सामान्य उपचार, परामर्श गर्न र थप उपचारका लागि अस्पतालसम्म लैजान स्वास्थ्य शाखामा समन्वय गर्न प्रयास थालेका हुन् । सङ्क्रमितलाई आवश्यक परामर्श सेवा दिनका लागि भिमाद नगरपालिकाले सबै वडामा स्वास्थ्यकर्मी परिचालन गरेको छ । नगरपालिकाले नौवटै वडामा स्वास्थ्यकर्मी परिचालन गरेको प्रमुख प्रशासकीय अधिकृत थमनसिंह थापाले जानकारी दिनुभयो । नगरपालिकाले सबै स्वास्थ्यकर्मीलाई जिम्मेवारी बाँडफाँड गरेको छ । भिमाद प्राथमिक स्वास्थ्य केन्द्रका मेडिकल अधिकृत डा प्रकाश नेपालीलाई आइसोलेशन व्यवस्थापन, स्वास्थ्यकर्मी परिचालन, अनुगमन, मेडिकल अधिकृत डा अनिमा पराजुलीलाई होम आइसोलेशनमा रहेका सङ्क्रमितको निगरानी र सल्लाह, जनस्वास्थ्य अधिकृत मनुराज बराललाई समग्र व्यवस्थापन, समन्वय, अनुगमन र सिनियर अहेव टुकामणि सिग्देललाई पिसिआर परीक्षण, होम आइसोलेशन अनुगमनको जिम्मेवारी दिइएको छ । भानुमतीस्वास्थ्यचौकीकासिअहेवजीवन पन्तलाई वडा नं ८, किहुँस्वास्थ्य चौकीका सिअहेव रमेश गैह्रेलाई वडा नं १, अरुणोदय स्वास्थ्यचौकीका अहेव सुमित्रा नेपालीलाई वडा नं २, माझकोट स्वास्थ्यचौकीका अहेव अर्जुनकुमार रसाइलीलाई वडा नं ४ मा, अहेव सञ्जु श्रेष्ठलाई वडा नं ५, अहेव विनिता थापालाई वडा नं ५, एचए कपिल थापालाई वडा न. ९, अहेव विनिता आलेलाई वडा नं ३, अहेव प्रेशा रानालाई वडा नं ४, अहेव विष्णु ठकुरीलाई वडा नं ८ र अहेव सीता बस्याललाई वडा नं १ मा सङ्क्रमितको परामर्शका लागि परिचालन गरिएको नगरपालिकाले जनाएको छ।

आँबुखैरेनी गाउँपालिकाले सङ्क्रमितको सहजताका लागि वडास्तरमै स्वास्थ्यकर्मी परिचालन गरेको छ । कोरोना रोकथाम, नियन्त्रण तथा व्यवस्थापनसम्बन्धी परामर्शका लागि छवटै वडामा स्वास्थ्यकर्मी खटाइएको प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद पोखेलले जानकारी दिनुभयो।

---

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



**जन्म:**
**वि.स. २000/११/0७ गते**

**स्वर्गारोहण:**
**वि.स. २0७८/0२/१२ गते**

**स्व: विर बहादुर गुरुङ**

यस शितलादेवी टोल विकास संस्था, पोखरा-१२ का संस्थापक सदस्य, पूर्व सल्लाहकार, समाजसेवी, चन्दादाता एवं संस्थाका शुभचिन्तक बुद्धि बहादुर गुरुङ,कार्यसमिति सदस्य जुम बहादुर गुरुङका पुजनीय पिता तथा लिला गुरुङ, सुष्मा गुरुङका ससुरा बुबा **विर बहादुर गुरुङ** को असामयिक निधनले हामी अत्यन्तै दु:खी, मर्माहत भएका छौं । उहाँको निधनल संस्थालाई अपुरणीय क्षति पुगेको छ । आज १३ औं दिनको यस दु:खद घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति श्री शितलादेवी माताले प्रदान गरुन भनि प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं।

**लोक बहादुर गुरुङ**
**अध्यक्ष एवं**
**शितलादेवी टोल विकास संस्था परिवार**
**पोखरा-१२**

---

# Phedikhola Rural Municipality
## Office of Rural Municipal Executive
## Phedikhola, Syangja
## Gandaki Province, Nepal

## Re-invitation of Sealed Quotation for the Procurement of Hybrid Piglet

**Date of publication: 07-06-2021**

1. The Phedikhola Rural Municipality, Phedikhola, Syangja has allocated funds to cover eligible payment under the Contract for Supply of hybrid Piglets for breed improvement to the pocket area of Phedikhola Rural Municipality, Contract ID:PRM-G-SQ-72-PP-077-78. Bidding is open to all eligible Nepalese Bidders. The Estimated Cost is NRs. 620,000.00 (Excluding VAT but with all taxes, fees and transportation charge).
2. The Phedikhola Rural Municipality re-invites sealed and or electronic bids from eligible bidders for the procurement of Supply of hybrid Piglets for breed improvement to the pocket area of Phedikhola Rural Municipality under Contract ID: PRM-G-SQ-72-PP-077-78, IFB No: 25/077/78/PRM under Sealed Quotation procedures specified in Public Procurement Act and Regulations.
3. Eligible Bidders may obtain further information and inspect the Bidding/Sealed Quotation Documents at the office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja, Gandaki Province, Nepal or may visit PPMO egp system website www.bolpatra.gov.np/egp.
4. A complete set of Sealed Quotation/Bidding Documents may be purchased from the Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja, Gandaki Province, Nepal by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs 1000.00 till 21-06-2021 during office hours.
   Or
   A complete set of Bidding Documents may be downloaded from PPMO's egpsystem website www.bolpatra.gov.np/eg. In e-submission, bidder should deposit cost of bid documents (non-refundable fee of NRs. 1000.00) in following bank account and scanned copy (in PDF Format) of Voucher should be uploaded at the time of bid submission. Information for cost of bid document:
   Name of the Bank: Prime Bank Ltd., Phedikhola, Syangja, Name of the Office: Phedikhola Rural Municipality, Account Name: AantarikRajashwaKhata of Phedikhola Rural Municipality, Account No.: 06500308CA
5. Sealed or Electronic bids must be submitted to the office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja, Gandaki Province, Nepal by hand or through PPMO website www.bolpatra.gov.np/egp on or before 22-06-2021, 12:00 hrs. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 22-06-2021, 12:15hours at the Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja, Gandaki Province, Nepal. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 16,000.00 which shall be valid for 30 days beyond the validity period of the bid.
7. The Bidder who choose to submit bid security in cash, the cash should be deposited in Account No. 06500036CA, the Dharauti Account of Phedikhola Rural Municipality at Prime Bank Ltd., Phedikhola Branch.The bidder should submit original copy of Voucher in case of Hard copy or should be uploaded scanned copy of voucher in case of E-copy at the time of bid submission.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

---

# सूर्य ब्लेण्डर्स प्रा. लि.
## आँबु खैरेनी, तनहुँ
## मूल्य सूची सम्बन्धमा सूचना

यस उद्योगबाट उत्पादित उल्लेखित ब्राण्डका मदिरा नेपाल अधिराज्य भित्र बिक्री वितरण गर्न आ.व. २०७७/०७८ का लागि मिति २०७८/०२/२४ देखि लागू हुने गरी निम्न बमोजिम मूल्य संशोधन गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्रकाशित मूल्यमा अन्त:शुल्क र मू.अ.कर समेत समावेश गरिएको छ।

| | ब्राण्ड | मि.लि. | यु.पी. | नेशनल डिष्ट्रिब्युटर्स मूल्य | रिजनल डिष्ट्रिब्युटर्स कमिशन | डिष्ट्रिब्युटर्स मूल्य | डिष्ट्रिब्युटर्स कमिशन | होलसेल मूल्य | होलसेल कमिशन | रिटेल मूल्य | रिटेल कमिशन | उपभोक्ता मूल्य | उपभोक्ता मूल्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रति कार्टुन | प्रति कार्टुन | प्रति कार्टुन | प्रति कार्टुन | प्रति कार्टुन | प्रति कार्टुन | प्रति कार्टुन | प्रति कार्टुन | प्रति कार्टुन | प्रति बोटल |
| 1 | IMAGE carbon Black / Premium | ५०० | ५० | ६६००।०० | २००।०० | ६८००।०० | २७५।०० | ७०७५।०० | २१५।०० | ७२९०।०० | ६३०।०० | ७९२०।०० | ४४०।०० |
| 2 | Twenty- Twenty | १८० | ५० | ५८५०।०० | १५०।०० | ६०००।०० | २४०।०० | ६२४०।०० | २००।०० | ६४४०।०० | ५२०।०० | ६९६०।०० | १४५।०० |
| 3 | मिराज एप्पल फ्लेवर R.B., मिराकल R.B, ब्यालेन्स एक्स्टा डाई | १८० | ५० | ५७५०।०० | १५०।०० | ५९००।०० | २३५।०० | ६१३५।०० | १९५।०० | ६३३०।०० | ४३८।०० | ६७६८।०० | १४१।०० |
| 4 | उत्सव एप्पल फ्लेवर R.B., मिराज एप्पल फ्लेवर H.B. | १८० | ५० | ५६००।०० | १००।०० | ५७००।०० | २३०।०० | ५९३०।०० | १८०।०० | ६११०।०० | ४६६।०० | ६५७६।०० | १३७।०० |
| 5 | उत्सव एप्पल फ्लेवर H.B.,मिराकल, उत्सव XXX, उत्सव दुधिया स्पेशल,,ब्यालेन्स | १८० | ५० | ५६००।०० | १००।०० | ५७००।०० | २३०।०० | ५९३०।०० | १८०।०० | ६११०।०० | ४६६।०० | ६५७६।०० | १३७।०० |
| 6 | उत्सव सुनामी स्टोज,सुनामी एक्स्टा डाई , एक्स्टीम, मिराज,सुनामी स्टोङ, | १८० | ५० | ५५००।०० | १००।०० | ५६००।०० | २२५।०० | ५८२५।०० | १७५।०० | ६०००।०० | ४८०।०० | ६४८०।०० | १३५।०० |
| | 4G | ३०० | ७० | ११७०।०० | ३०।०० | १२००।०० | ५०।०० | १२५०।०० | ५०।०० | १३००।०० | १४०।०० | १४४०।०० | ४८।०० |
| 7 | करूवा PREMIUM | ३०० | ७० | १०६०।०० | ४०।०० | ११००।०० | ५०।०० | ११५०।०० | ५०।०० | १२००।०० | १५०।०० | १३५०।०० | ४५।०० |
| 8 | करूवा BLUE, करूवा पाइनएप्पल | ३०० | ७० | ९७५।०० | २५।०० | १०००।०० | ४०।०० | १०४०।०० | ४०।०० | १०८०।०० | १२०।०० | १२००।०० | ४०।०० |
| 9 | करूवा एप्पल | ३०० | ७० | १०५०।०० | ४०।०० | १०९०।०० | ५०।०० | ११४०।०० | ५०।०० | ११९०।०० | १६०।०० | १३५०।०० | ४५।०० |
| 10 | करूवा लिचि फ्लेवर,फटाफट, एरो(एप्पल फ्लेवर), फटाफट Green,करूवा NIMBU | ३०० | ७० | ९१५।०० | ३०।०० | ९४५।०० | ३५।०० | ९८०।०० | ३५।०० | १०१५।०० | ९५।०० | १११०।०० | ३७।०० |
| 11 | करूवा ठेकी दुधिया/ब्ल्याक, करूवा दुधिया /ब्ल्याक,पानश दुधिया/ब्ल्याक,एरो दुधिया /ब्ल्याक | ३०० | ७० | ८७५।०० | १५।०० | ८९०।०० | ३०।०० | ९२०।०० | २५।०० | ९४५।०० | ७५।०० | १०२०।०० | ३४।०० |

**नोट: उपरोक्त बिक्री मूल्यहरुमा व्यवसायको अवश्यकता अनुसार विभिन्न व्यपारीक एवं अन्य छूटहरु र हाल अनुमान गर्न नसकिने खर्चहरुको सोधभर्ना दिन सकिने छ ।**